## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २३ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले केन्द्र सरकारलाई नेताजी सुभाषचन्द्र बोससँग सम्बन्धित सबै फाइल तत्काल सार्वजनिक गर्न आग्रह गर्नु भएको छ।
२. दार्जीलिङ पहाड़ सहित पश्चिम बंगालभरी आज नेताजी सुभाषचन्द्र बोसको १२८ औं जन्म जन्ती भव्य रूपमा पालन गरियो।
३. टि.म.सी ले आफ्नो पश्चिम बंगाल राज्यको संगठनले फरवरीको शुरूमा फेरबदल गर्ने संकेत दिएको छ।
४. दार्जीलिङको चौरस्ता नजिक एक होटलमा आगलागी भयो। आगोमाथि तत्काल नियंत्रण गरियो। कुनै पनि हताहती भएको छैन।
५. खरसांगको मन्टिभियट खेल मैदानमा भोली देखि तीन दिने व्हाईट अर्किड फेस्टिबल पालन गरिनेछ।

**ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले केन्द्र सरकारलाई नेताजी सुभाषचन्द्र बोससँग सम्बन्धित सबै फाइल तत्काल सार्वजनिक गर्न आग्रह गर्नु भयो। अलिपुरद्वार जिल्लाको कालचिनीमा नेताजीको जयन्तीका अवसरमा आयोजित कार्यक्रममा उहांले भन्नु भयो नेताजी षड्यन्त्रको सिकार भएका थिए। राज्य सरकारले नेताजीसँग सम्बन्धित ६४ गोप्य फाइलहरू सार्वजनिक गरिसकेको छ। अब केन्द्र सरकारले पनि आफ्नो अभिलेखागारका फाइलहरू सार्वजनिक गर्नुपर्छ। उहांले भारतको जनतालाई नेताजीको जन्म मिति थाहा भए पनि मृत्यु मिति अझै अज्ञात रहेकोमा दुःख व्यक्त गर्नुभयो। नेताजीलाई देशको सच्चा नेता तथा मार्गदर्शक बताउँदै उहांले भन्नुभयोए श्आजाद हिन्द फौजको स्थापनाए योजना आयोगको सोचए र सबै धर्मको एकता नेताजीको योगदान थियो।" यसैबीचए कोलकाताको रेड रोडमा आयोजित कार्यक्रममा विपक्षी नेता शुभेन्दु अधिकारीले नेताजीको प्रतिमामा श्रद्धाञ्जलि अर्पण गर्नु भयो। उहाँले राज्य सरकारमाथि नेताजीको जन्म जयन्तीलाई लिएर "दोहरो मापदण्ड" अपनाएको आरोप लगाउनु भयो।

****** ० ******

**गिध्द पहाड- जन्म वार्षिकी**

खरसाङ महकुमा सूचना अनि सांस्कृतिक विभाग साथै खरसाङको गिध्द पहाडस्थित नेताजी म्युजियमको संयुक्त आयोजनामा नेताजी सुभाषचन्द्र बोसको 128 औं जन्म वार्षिकी समारोह सम्पन्न भएको छ। खरसाङको गिध्द पहाडस्थित नेताजी म्युजियमको प्रांगनमा सम्पन्न कार्यक्रमको अध्यक्षता खरसाङ महकुमा सूचना अनि सांस्कृतिक विभागको अधिकारी अनिर्बान दामले गर्नुभएको थियो भने नेताजी म्युजियमका चेयरम्यान तथा खरसाङ महकुमा शासक आईएएस बिन्दाबासिनी तेजा दिपक प्रमुख अतिथिको रुपमा उपस्थित थिए। यस अवसरमा प्रमुख अतिथि साथै अतिथिहरुका बाहुलीबाट नेताजी सुभाषचन्द्र बोसको सालिगमा माल्यार्पण साथै धुप दीप प्रज्ज्वलन गरी श्रध्दाञ्जली अर्पण गरिएको थियो। कार्यक्रममा नेताजी सुवासचन्द्र बोसको जीवनी र उहाँको बहुमूल्य योगदान साथै गोर्खाली स्वतन्त्रता सेनानीहरु विषयमा वरिष्ठ साहित्यकार ऋषि राईले वार्ता प्रस्तुत गरेका थिए।

****** ० ******

**नेताजी जयंती- सिलगड़ी**

आज नेताजी सुभाष चन्द्र बोसको जयंतीको अवसरमा सिलगड़ीमा विभिन्न कार्यक्रमहरू आयोजना गरियो। यस अवसरमा, सिलगड़ीका पर्यावरणविद्हरूले एक अनौठो पहलको शुरुआत गरेका छन्। पर्यावरणविद्को समूहले "एक राखी पेड़ों

के लिए" कार्यक्रम अन्तर्गत सिलगड़ी स्टेशन फिडर रोडमा रहेका विभिन्न रूखहरूमा राखी बाँधेर हरियालीको महत्त्व र वातावरण संरक्षणको बारेमा जनचेतना फैलाएका छन्। यस कार्यक्रममा सिलगड़ीका विधायक शंकर घोष पनि सहभागी भएका थिए।

दार्जीलिङ्को कैपिटल हल नजीक रहेको नेताजी सुभाष चन्द्र बोसको प्रमिता माथि आज विभिन्न संघ संस्थान र प्रधानले माल्यापर्ण गरी श्रदा सुमन अर्पित गरे।

****** ० ******

**आर.जी. कर**

पश्चिम बंगाल सरकार द्वारा आर.जी. कर मामललाको दोषी संजय रॉयलाई मृतु दण्डको सजायको मांग गर्दै पीड़िताका पिताले गंभीर आरोप लगाएका छन् । राज्य सरकारको यो पहल राजनीतिक उदेश्यले प्रेरित रहेको उनले बताएका छन् । राज्य सरकारले हिज कोलकाताको एक विशेष अदालतको फैसलालाई चुनौती दिंदै कलकत्ता हाई कोर्टमा याचिका दर्ता गरेको छ । विशेष अदालतले संजय रॉयलाई उम्रकैदको सजाय सुनाएको थियो । पीड़िताका पिताले भनेका छन् कि हामी पनि दोषीलाई मृतुदण्डको सजाय चाहन्छ , तर राज्य सरकारद्वारा अचानक लिईएको पाइला कुनै राजनीतिक उदेश्यले प्रेरित भएको लाग्दछ । उहाले अझ भन्नुभयो जसले निष्पक्ष जांच गरेन अनि सबूतहरु मेटाउने प्रयास गर्यो ,उनीहरुले हामीलाई के न्याय दिन्छ । यसै बीच, केंद्रीय अन्वेषण ब्यूरो (सीबीआई) ले राज्य सरकारको यस याचिकामाथि आपत्ति ब्येक्त गरेको छ । केवल सीबीआई ले वा पीड़िताका माता-पिताले मात्र यस्तो याचिका दर्ता गर्न सक्ने सीबीआई को तर्क रहेको छ । पीड़िताको शव नौ अगस्त 2024 को बिहान आर.जी. कर परिसरको एक सेमिनार हॉलमा भेटाईएको थियो । प्रारंभिक जांच कोलकाता पुलिसले गरेको थियो अनि पछि हाई कोर्टको निर्देशमा सीबीआई लाई मामला सुम्पिएको थियो । कलकत्ता हाई कोर्टको डिविजन बेंचले यस मामलामा राज्य सरकारको याचिकाको स्वीकार्यता माथि आगामी 27 जनवरीको दिन सुनवाई गर्नेछ ।

****** ० ******

**संगठनात्मक फेरबदल**

पश्चिम बंगालमा तृणमूल कांग्रेसको बहुप्रतीक्षित संगठनात्मक फेरबदल आगामी फरवरी महिनाको पहिलो वा दोस्रो सप्ताहमा हुने सम्भावना छ । यस माथि अंतिम निर्णय पार्टी सुप्रीमो अनि मुख्यमंत्री ममता बनर्जीले लिनुहुनेछ । पार्टी सुत्रहरु अनुसार, फरवरीको पहिलो सप्ताहमा सरस्वती पूजा पछि मुख्यमंत्रीले यस प्रस्तावित संगठनात्मक फेरबदल माथि आफ्नो अंतिम स्वीकृति दिनुहुनेछ । राजनीतिक पर्यवेक्षकहरुको भनाई अनुसार पार्टीको मामलाहरुमा ममता बनर्जीको यस स्पष्ट संदेशको उद्देश्य तृणमूल कांग्रेसमा "पुरानो अनुहारहरु" अनि "नयाँ अनुहारहरु " बीच चलिरहेको गतिरोधलाई समाप्त गर्नु हो । तृणमूल कांग्रेसका महासचिव अनि लोकसभा सांसद अभिषेक बनर्जीले संगठनात्मक फेरबदलबारे आफ्नो सिफारिशहरु मुख्यमंत्रीलाई अघिबाटै सुम्पिसकेका छन् ।

****** ० ******

**मिरिक महोत्सव**

मिरिक महोत्सवको माध्यमबाट यहाँको पर्यटन उद्योग विकसित गर्ने योजना रहेको मिरिक नगरपालिकाका अध्यक्ष एलबी राईले बताएका छन्। आगामी 25, 26 अनि 27 जनवरीमा तीन दिवसीय मिरिक महोत्सवको आयोजना जीटीए, मिरिक नगरपालिका अनि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको संयुक्त तत्वावधानमा मिरिक महोत्सवको आयोजन गरिएको छ। यसको तयारी तीव्र गतिमा भइरहेको छ। यसैबारे नगरपालिका अध्यक्ष एलबी राईले प्रथम दिनमा वृहत सांस्कृतिक रयालीको आयोजना गर्ने साथै तीन दिवसीय कार्यक्रममा गीत संगीत, खेलकुद, साहित्य, चित्रकला, ब्याण्ड प्रतियोगिता आदि हुने बताएका छन्।

****** ० ******

**आगलागी**

दार्जीलिङस्थित चौरस्ताको नेहरू रोडमा अवस्थित होटल सङ्ग्रिला नजिकको भवनमा आज दिउँसो आगलागी भएको छ। आगलागीको कारण भवन ध्वस्त भए पनि अन्य घरहरु सुरक्षित रहेको जानकारी अग्निशमन विभागका अधिकारी दावा

भुटियाले दिएका छन्। विभागलाई दिउँसो लगभग 12 बजेर 30 मिनेट जाँदा आगो लागेको सूचना प्राप्त भएपछि आगो नियन्त्रणको निम्ति तत्काल कार्य शुरू गरिएको तर आगलागीको कारण भने अझ सम्म स्पष्ट हुन् नसकेको उहाले अझ बताएका छन् ।

****** ० ******

**‘खरसाङ वाइट अर्किड’**

खरसाङमा हुन गईरहेको तीन दिवसीय ‘खरसाङ वाइट अर्किड’ फेस्टिभललाई लिएर आज आयोजक समितिको सभा सम्पन्न भएको छ। खरसाङको मन्टिभियट खेल मैदानमा आगामी 24, 25 अनि 26 जनवरीमा हुने वाइट अर्किड फेस्टिभलबारे चर्चा परिचर्चा गरिएको छ। वाइट अर्किड फेस्टिभलको पहिलो दिन 24 जनवरीमा उदघाटन समारोह हुने र यसको लागि खरसाङको बस टर्मिनलदेखि सांस्कृतिक शोभायात्रा निकालेर खरसाङ बजार परिक्रमा गरि मन्टिभियट खेल मैदानमा पुगेर सांस्कृतिक शोभायात्रा समापन गरिने भएको छ। यस तीन दिवसीय वाइट अर्किड फेस्टिभलमा सांगीतिक ब्याण्ड प्रतियोगिता, फेशन शो जसमा गोर्खा सुन्दर र मनमोहक सुन्दरी, 60 वर्ष नाघेका वयस्क महिलाहरुका लागि वाक्कथन, म्याराथन, चुंगी प्रतियोगिता, विभिन्न फिटनेस प्रतियोगिताहरु, आर्म रेस्लिङ्ग लगायत विभिन्न स्थानीय र बाहिरका चर्चित सांगीतिक टोलीको प्रस्तुति रहने भएको छ।

****** ० ******

**राजु बिष्ट**

दार्जिलिङ सांसद राजु बिष्टले दार्जिलिङ अनि कालिम्पोङ जिल्लामा युनिक डिसएबिलिटी आईडी (यूडीआईडी) कार्ड नबनेको विषय उठाएको प्रश्नमा केन्द्र सरकारले कदम चालेको छ। श्री बिष्टले जानकारी गराएअनुसार, ९ डिसेम्बर २०२४ मा उहाँले सामाजिक न्याय एवं अधिकारिता मन्त्रालयलाई पत्राचार गरी यो विषयमा आफ्नो चिन्ता व्यक्त गर्नु भएको थियो। यस सम्बन्धमा आज मन्त्रालयका मन्त्री डा. वीरेंद्र कुमारले श्री बिष्टलाई जानकारी गराउँदै दार्जिलिङ र कालिम्पोङ क्षेत्रका शारीरिक अशक्तता भएका व्यक्तिहरू आफ्नो नजिकको अस्पतालमा गई यूडीआईडी कार्डका लागि आवेदन दिन सक्ने व्यवस्था गरिएको बताउनु भयो। यूडीआईडी कार्डले दिव्याङ्गजनहरूलाई केन्द्र र राज्य सरकारका विभिन्न योजना, परियोजना तथा रोजगारीका अवसरका लागि योग्य बनाउनेछ।

****** ० ******

**भोइस अफ् खरसाङ**

खरसाङ पञ्चायत समितिको आयोजनामा हुन गईरहेको तीन दिवसीय माघे मेला उत्सव अन्तर्गत आजदेखि भोइस अफ् खरसाङ शुरु भएको छ। खरसाङ पञ्चायत समितिको आयोजनामा ग्रामीण क्षेत्रका युवा प्रतिभाहरुलाई लिएर आयोजना गरिएको ‘भोइस अफ् खरसाङ ग्रामीण’ अन्तर्गत खरसाङ खण्डको 14 वटै ग्राम पञ्चायतहरुका युवा प्रतिभाहरुलाई लिएर आज खरसाङको क्याम्ब्रिज स्कूलमा अडिशन राउण्ड सम्पन्न भएको छ। यस अडिशनबाट 17 जना चयन गरिएको छ उनीहरुले आगामी 31 जनवरीदेखि दूधेको डम्फेटारमा हुने तीन दिवसीय माघे मेला उत्सवको दोस्रो दिन 1 फरवरीमा प्रस्तुति दिने भएका छन्।

****** ० ******

**कार्यशाला**

तकनीकी क्रान्ति र यसको प्रभावलाई ध्यानमा राख्दै जीटीएले फिल्म मेकिङ र पत्रकारिताका क्षेत्रमा ज्ञान प्रदान गर्ने कार्यशाला आयोजना गर्ने भएको छ। कार्यशाला आगामी 27 जनवरी देखि 2 फरवरी सम्म मिरिकमा सम्पन्न हुनेछ। यस कार्यक्रमको उद्देश्य युवाहरूलाई फिल्म निर्माण र पत्रकारिताका क्षेत्रमा आधुनिक प्रविधि र सीप प्रदान गर्नु हो, जसले उनीहरूको व्यक्तिगत तथा व्यावसायिक विकासमा टेवा पुऱ्याउने बताइएको छ। कार्यक्रमको विषयमा जानकारी दिन आज पत्रकार सम्मेलन आयोजना गरिएको थियो।

****** ० ******

**गुम्बा- शतवार्षिकी**

कालेबुङको प्रिमताम बस्तीमा अवस्थित ऐतिहासिक चावा सुमसाङ गुम्बाले आफ्नो १०० औं वार्षिकोत्सव मनाउने अवसरमा आयोजना गरिएको पाँच दिवसीय धार्मिक अनुष्ठान आज विधिवत रूपमा समापन भएको छ। समापन समारोहमा विशेष अतिथिको रूपमा दार्जीलिङका टुल्कु दावा छिरिङ रिम्पोछे उपस्थित थिए। यो गुम्बा बर्ष १९२५ मा स्थानीय धर्मगुरू छयो दोर्जे

लेप्चाले यो गुम्बाको स्थापना गरेका थिए। यस शतवार्षिकी समारोहमा स्थानीय बासिन्दा मात्र नभई विभिन्न स्थानबाट आएका बौद्ध धर्मावलम्बीहरूको उपस्थिति रहेको थियो।

****** ० ******

**नगरकट्टा- म्यारथन दौड**

डुवर्सको नगरकट्टामा आज 10 किलोमिटर म्यारथन दौड आयोजन गरियो । यो दौड नेताजी सुभाष चन्द्र बोसको जन्म जयन्तीको अवसरमा प्रेरणा वेलफेयर सोसाइटी अनि युवा डुवर्सको तत्वावधानमा सम्पन्न भएको हो। लुकसान हाईवेबाट शुरू गरिएको म्यारथन नगरकट्टा बङ्गला हाई स्कुल मैदानमा पुगी समाप्त भएको थियो । अलिपुरद्वारका सांसद मनोज तिग्गा अनि नगरकट्टाका विधायक पुणा भेंगराले झण्डा देखाएर म्यारथनलाई प्रस्थान गराएका थिए।

****** ० ******